मकालु राजपत्र

मकालु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १ नुम, संखुवासभा नेपाल, अषाढ २६, २०७८ साल, संख्या २

भाग १

मकालु गाउँपालिका

मकालु गाउँ कार्यपालिकाको कार्यालय

प्रदेश नं १ संखुवासभा, नेपाल

स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी ऐन, २०७८

जैविक विविधता, पर्यावरण, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधनयुक्त तथा मौलिक साँस्कृतिक मूल्य, मान्यताका धनी यस मकालु गाउँपालिका क्षेत्रका वातावरण र भू-स्थितीका संरक्षण एवं पर्यापर्यटन विकासका वृहत्तर सम्भावनालाई मुर्तरुप दिन, यस क्षेत्रका सामाजिक तथा साँस्कृतिक मूल्य र मान्यताका संरक्षण र प्रवर्द्धन गर्न तथा दिगो विकासका अवधारणालाई केन्द्रविन्दुमा राखी यस क्षेत्रका पर्यावरण स्वच्छ, सफा र सुरक्षित राख्ने लक्ष्य पुरा गर्न,

पूर्वाधार विकासमा अत्याधुनिक उपकरणहरुको प्रयोगलाई निरुत्साहित गर्दै गाउँपालिका क्षेत्रलाई न्युन कार्वनमुखी, प्राङगारिक एवं वातावरणमैत्री पर्यापर्यटकीय महत्वका क्षेत्रका रुपमा विकास गरी यस क्षेत्रका समग्र आर्थिक स्तरोन्नतीमा टेवा पुऱ्याउन,

जैविक विविधता, पर्यावरण, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधनको संरक्षण गर्न, र परापूवकालदेखि बसोबास गर्ने समुदायका रिती स्थीति, रहन सहन, प्रथा, परम्परा तथा संस्कृतिका जगेर्ना गर्दै आएका अतिसिमान्तकृत स्थानीय आदिवासी जनजाती समुदाय तथा तिनका मौलिक साँस्कृतिक पद्दतीका प्रवर्द्धनका लागि समेत आवश्यक कार्य संचालन, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा ५७ का उपधारा ४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी मकालु गाउँपालिकाका गाऊँ सभाले यो ऐन वनाएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम "स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी ऐन, २०७८" रहेका छ ।

(२) यो ऐन मकालु गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"गाउँपालिका"** भन्नाले मकालु गाउँपालिका सम्झनुपर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले मकालु गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(ग) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाका अध्यक्ष सम्झनुपर्दछ ।

(घ) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(च) **"वडा समिति"** भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ ।

(छ) **"सभा"** भन्नाले गाउँपालिकाको गाँउ सभालाई सम्झनुपर्दछ ।

(ज) **"ऐन"** भन्नाले स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्वन्धि ऐन, २०७८ सम्झनुपर्दछ ।

(झ) **"व्यवस्थापन तथा संचालन समिति"** भन्नाले यस ऐनको दफा ६ बमोजिम गठन भएको व्यवस्थापन तथा संचालन समिति सम्झनुपर्दछ ।

(ञ) **"साँस्कृतिक तथा पर्यापर्यटकीय क्षेत्र"** भन्नाले यस ऐनको दफा ५ बमोजिम घोषणा भएको साँस्कृतिक तथा पर्यापर्यटकीय क्षेत्र सम्झनुपर्दछ ।

(ट) "पर्यापर्यटक" भन्नाले पर्यटकीय उद्देश्यले प्रकृतिको मनोरञ्जन लिन वा प्रकृति र जैविक विविधता संरक्षणका निमित्त वातावारणीय खोज अनुसन्धानका लागि आउने स्वदेशी, विदेशी तथा गैह्र आवासीय नेपाली नागरिकलाई सम्झनुपर्दछ ।

(ठ) "कोष" भन्नाले दफा ८ वमोजिमका कोष सम्झनुपर्दछ ।

(ड) "जैविक विविधता" भन्नाले परिस्थितिकीय (इकोसिस्टम) प्रणालीका विविधता, प्रजातीय विविधता(स्पेसिस डाईभरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाईभरसिटी) सम्झनु पर्दछ ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएका वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ण) "प्रदुषण" भन्नाले फोहर मैला रसायन, ताप ध्वनी, विद्युतीय, चुम्वकीय तरंग वा रेडियोधमी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुरयाउने वा वातावरणका लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने काम सम्झनु पर्दछ ।

(त) "फोहरमैला" भन्नाले वातावरणमा ह्रास आउनेगरी निष्कासन गरिएका तरल, ठोस, ग्यास, लेदा, धुवाँ, धुलो, विकिरणयुक्त पदाथ वा त्यस्त प्रकारका अन्य वस्तु सम्झनुपर्दछ

परिच्छेद २
वातावरण र जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

३. वातावरण र जैविक विविधताका संरक्षण तथा सरसफाई गर्न : (१) गाँउ कार्यपालिकाले पर्यावरण र जैविक विविधता संरक्षण तथा सरसफाईका निमित्त निम्न बमोजिम कार्यहरु गर्नेछ

(क) जैविक वातावरणमा परिस्थितिकीय प्रणाली, प्रजाति विविधता तथा वंशाणुगत विविधता बीच सन्तुलन कायम राख्न जैविक विविधताका संरक्षण गर्न ।

(ख) पूर्वाधार विकासमा अत्याधुनिक उपकरणका उपयोगलाई निरुत्साहित गर्दै यस क्षेत्रमा रहेका विभिन्न प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुका अजैविक वातावरणसँगका अन्तर सम्बन्धलाई मजबुत बनाउन आवश्यक कार्य गर्न ।

(ग) विभिन्न खाले प्रदुषणहरुको नियन्त्रण, वृक्षारोपण, जलाधार संरक्षण गरी गाउँपालिका क्षेत्रलाई न्यून कार्वनमुखी, प्राङगारिक, वातावरण मैत्री एवं हरित क्षेत्रका रुपमा विकास गर्न ।

(घ) गाउँपालिका क्षेत्रभित्र लोपोन्मुख वनस्पति, जडीबुटी, वन्यजन्तु आदिका संरक्षणमा विशेष ध्यान दिन, जैविक विविधता र जलस्रोत, जलाधार, पिटल्यण्ड तथा सिमसारका संरक्षण,सम्बर्द्धन र उचित सदुपयोग गर्दै रोजगारीका अवसर सिर्जना गर्न र आय आर्जनमा वृद्धि गरी निम्न वर्गका समुदायको जीविकोपार्जनमा सुधार र पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) मा सन्तुलन कायम गर्न ।

(ङ) गाउँपालिकाका भौगोलिक विशेषतालाई ध्यानमा राखी यस क्षेत्रका स्थानीय सरोकारवालाहरुसंग सहकार्य गरी वन, वनस्पति, वन्यजन्तु, र जैविक विविधता तथा समग्र प्राकृतिक सम्पदाका संरक्षण गर्न तथा यसका दीगो उपयोगमा ध्यान दिन ।

(२) गाउँकार्यपालिकाले आफनो क्षेत्रभित्र फोहोर मैलाका उचित व्यवस्थापन गर्नुपर्नेछ ।

(३) गाउँकार्यपालिकाले समय समयमा यस ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(४) कार्यपालिकाले गाउँपालिकाभित्र वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण गर्न तथा प्रचलित प्रादेशिक तथा संघीय कानून बमोजिम स्वीकृत वातावारणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरु प्रभावकारी रुपले कार्यान्वयन गर्न गराउन र प्रचलित मापदण्ड पालना भए नभएका सम्बन्धमा अनुगमन

तथा निरीक्षण गर्न प्रचलित कानून बमोजिम तोकिएका योग्यता भएका व्यक्तिलाई वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ । त्यस्ता वातावरण निरीक्षकका काम कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) वातावरण र जैविक विविधताका संरक्षण, भू-स्थिती,वन, जलाधार, पिटल्याण्ड, खोलानाला लगायत अन्य प्राकृतिक स्रोतका उपयोग, संरक्षण तथा सरसफाई र फोहोर मैलाका उचित व्यवस्थापन गर्न तोकिए बमोजिमका अन्य आवश्यक कार्यहरु गर्ने ।

४. प्रकृतिमैत्री पूर्वाधार विकास गर्ने : (१) गाउकार्यपालिकाले यस क्षेत्रका जैविक विविधता, सामाजिक सास्कृतिक महत्व, ताल तलैया, पर्यावरण तथा जलाधार क्षेत्रका संरक्षण र वातवरण संरक्षणलाई ध्यानमा राखी यस क्षेत्रलाइ वातावरणमैत्री, आकर्षक र आन्तरिक एव बाह्य पर्यापर्यटकका लागि सुविधायुक्त बनाउन स्थानीयस्तरमा गुरुयोजना बनाइ पूर्वाधारका विकासका लागि आवश्यक कार्य गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार विकास गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) ट्रेल (पदयात्रा मार्ग)का व्यवस्थापन गर्न तथा पदयात्रा पर्यापर्यटनमा नँया मार्गका खोजी र विकास गर्ने ।

(ख) पैदलमार्गका रुट तयार गर्दा सम्भव भएसम्म एकरुपता कायम गरी वातावरणमैत्री पैदलमार्ग बनाउने ।

(ग) गाउँपालिका क्षेत्रमा पूर्वाधारले भ्याएसम्म प्राथमिक स्वास्थ्य उपचारका लागि आधारभूत प्राथमिक स्वास्थ्य सेवा पदान गर्ने गरी स्वास्थ्य सेवा केन्द्र वा स्वास्थ्य संस्थाको व्यवस्था गर्ने ।

(घ) गाउँपालिका क्षेत्रमा हवाइ उद्धारका प्रयोजनको लागि आकस्मिक उडान तथा अवतरण गर्न प्रचलित कानूनले तोकेका आधारभूत मापदण्ड पुरा गरी हेलिप्याडका व्यवस्था गर्ने ।

(ङ) गाउँपालिका क्षेत्रमा पूर्वाधारले भ्याएसम्म इमेल, फोन सम्पर्क वा अन्य कुनै प्रकारका सम्पर्क माध्यम उपलब्ध गराउने ।

(३) उपदफा (२) बमोजिम गरिने विकास वा निर्माण कार्यले गाउँपालिका क्षेत्रका वातावरण, जैविक विविधता, पर्यावरण, पारिस्थीतिकीय प्रणालीमा कुनै पनि नकारात्मक असर नपुऱ्याउने कुरा सुनिश्चित गर्नु पर्नेछ ।

(४) गाउँपालिका क्षेत्रमा पर्यापर्यटन विकासका पूर्वाधार निर्माण गर्दा गाउँकार्यपालिकाले तोके बमोजिमका मापदण्ड पुरा गरी निर्माण गर्न पर्नेछ ।

(५) गाँउपालिका क्षेत्रमा निर्माण गरिने घर, गोठ, तथा अन्य भवन वा भौतिक संरचनाहरु निर्माण गर्दा वातावरण मैत्री हुनेगरी यथासम्भव परम्परागत शैलीमा निर्माण गर्नुपर्ने गरी गाउँकार्यपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्नेछ ।

(६) तोकिए बमोजिमका अन्य आवश्यक कार्यहरु गर्ने ।

५.जैविक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय बिशेष क्षेत्र घोषणा गर्ने : (१) गाउँ कार्यपालिकाले गाऊँपालिका भित्रका विभिन्न क्षेत्रहरुलाई आवश्यकता र औचित्यका आधारमा जैविक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र घोषणा गरी यस क्षेत्रका जैविक, सांस्कृतिक सम्पदा र पर्यावरणका संरक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१)बमोजिम घोषणा भएका बिशेष क्षेत्र सडक (मोटर बाटो) रहित, प्रदुषण रहित, वातावरणमैत्री, आदिम धार्मिक तथा सांस्कृतिक महत्व बोकेका साँस्कृतिक तथा विशिष्ट जैविक विविधतायुक्त प्राकृतिक पर्यापर्यटकीय क्षेत्र हुनेछ ।

(३) उपदफा (१)बमोजिम घोषणा भएका विशेष क्षेत्रका व्यवस्थापन र संचालन दफा (६) बमोजिम गठन हुने व्यवस्थापन तथा सञ्चालन समितिले गर्नेछ ।

(४) यस ऐनबमोजिम घोषणा भएका विशेष क्षेत्रको सञ्चालन तथा जैविक विविधता र वातावरणका संरक्षणको लागि गाउँपालिकाले प्रत्येक वर्ष छुट्टै बजेटको व्यवस्था गर्नु पर्नेछ ।

परिच्छेद ३
व्यवस्थापन तथा संचालन समिति सम्बन्धि व्यवस्था

६. व्यवस्थापन तथा संचालन समितिः (१) दफा ५ बमोजिम घोषित विशेष क्षेत्र व्यवस्थापन तथा संचालनका निमित्त देहाय बमोजिमका सदस्यहरु रहने गरी एक व्यवस्थापन तथा संचालन समितिको **गठन गरिनेछः**

(क) जैविक विविधता संरक्षण वा पर्यापर्यटन क्षेत्रमा अनुभव भएको सो क्षेत्रमा कार्य गर्न रुचि राख्ने सम्बन्धीत वडा समितिका सिफारिसमा गाँउ कार्यपालिकाले नियुक्ती गरेका व्यक्ति-**अध्यक्ष**

(ख) सम्बन्धित वडाका वडा सदस्यहरु मध्येबाट सम्बन्धित वडाका सिफारिसमा गाँउ कार्यपालिकाले मनोनयन गरेका वडा सदस्य एकजना-**सदस्य**

(ग) जैविक विविधता, पर्यावरण, सांस्कृतिक, वा पर्यटन क्षेत्रमा कार्यरत व्यक्तिहरुमध्येबाट गाउँ कार्यपालिकाले नियुक्त गरेका तीनजना -**सदस्य**

(घ) गाँउ कार्यपालिकाले तोकेका एक जना - **सदस्य सचिव**

(२) गाउँ कार्यपालिकाले आवश्यक ठानेमा व्यवस्थापन तथा सञ्चालन समितिले माग गरेको खण्डमा दुई जनामा नबढने गरी थप सदस्यहरु चयन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका अध्यक्ष र सदस्यहरु सम्बन्धित वडा भित्रका नागरिक मात्र रहनेछन (

४) उपदफा (१) र (२) बमोजिम व्यवस्थापन तथा संचालन समिति गठन गर्दा कम्तिमा २ (दुई) जना महिलाका प्रतिनिधित्व हुने गरी समावेशी तरिकाले गठन गरिनेछ ।

(५) व्यवस्थापन तथा संचालन समितिका बैठकमा आवश्कता अनुसार वातावरण, पर्यापर्यटन, पुर्वाधार लगायतका सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) उपदफा (१) र (२) बमोजिम व्यवस्थापन तथा सञ्चालन समितिका व्यवस्थापन सदस्यहरुले प्रत्येक बैठकका आधारमा तोकिए बमोजिम सुविधा तथा भत्ता पाउनेछन् ।

(७) व्यवस्थापन तथा सञ्चालन समितिले आफनो बैठक संचालन सम्बन्धी कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(८) उपदफा (१) बमोजिम व्यवस्थापन तथा सञ्चालन समिति गाऊँपालिकाले गठन गर्नेछ ।

(९) उपदफा (१) बमोजिम गठन भएका समितिका कार्य अवधि २ (दुई) बर्षको हुनेछ ।

७. व्यवस्थापन तथा संचालन समितिका काम कर्तव्य र अधिकारः: व्यवस्थापन तथा संचालन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विशेष क्षेत्र भित्रको पर्यापर्यटन बिकासका कार्यहरु गर्ने ।

(ख) विशेष क्षेत्र भित्रको जैविक बिविधता संरक्षणका कार्यहरु गर्ने ।

(ग) विशेष क्षेत्र भित्रको सांस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धनका कार्यहरु गर्ने ।

(घ) विशेष क्षेत्र भित्रको पर्यापर्यटनका बिकास, जैविक तथा सांस्कृतिक सम्पदाका संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक भौतिक पुर्वाधारहरुका निर्माण गर्ने ।

(ङ) विशेष क्षेत्र भित्रको पर्यापर्यटन विकास, जैविक तथा सांस्कृतिक र सम्पदाका संरक्षण आदि कार्यको लागि अध्ययन अनुसन्धानका कार्यहरु गर्ने गराउने ।

(च) विशेष क्षेत्र भित्रको जलाधार, जलश्रोत, ताल तलैया, सिमसार क्षेत्रहरुका संरक्षण सम्बर्द्धन र पुर्वाधार बिकासका कार्यहरु गर्ने ।

(छ) विशेष क्षेत्र भित्र अव्यवस्थित रुपमा फोहोर फाल्ने, अनुमति बिना प्रवेश गर्ने, अन्य निषेधित कार्यहरु गर्नेलाई जारिवाना तोक्ने ।

(ज) पर्यापर्यटकीय क्षेत्रमा प्रवेश गर्न पर्यापर्यटकहरुलाई प्रवेशपत्र तथा प्रवेश अनुमति प्रदान गर्ने ।

(झ) तोकिए बमोजिम आवस्यक अन्य कार्यहरु गर्ने ।

परिच्छेद ४
कोष व्यवस्थापन तथा संचालन

८.कोष व्यवस्थापन : यस ऐन बमोजिम घोषणा भएका जैविक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्रको व्यवस्थापन तथा सञ्चालन समितिको एक छुट्टै कोष हुनेछ ।

९.विशेष कार्यक्रम संचालन गर्न सक्ने : (१) व्यवस्थापन तथा सञ्चालन समितिले यस ऐनका अधिनमा रहि गाउँपालिका क्षेत्रको साँस्कृतिक तथा पर्यापर्यटकीय क्षेत्रको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनको लागि विशेष योजना तथा कार्यक्रमहरु बनाई स्वीकृतिका लागि गाउँ कार्यपालिका समक्ष पेश गर्न सक्नेछ ।

(२) गाउँकार्यपालिकाले उपदफा(१)बमोजिम पेश भएका विशेष योजना तथा कार्यक्रमका सम्भाव्यता एवं प्रभावकारिताको आवश्यक अध्ययन तथा जाँचबुझ गरी आवश्यक स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) गाउँ कार्यपालिकाले उपदफा (२) बमोजिम स्वीकृत भएका विशेष योजना तथा कार्यक्रमहरुका लागि आवश्यक पर्ने श्रोत तथा साधनहरुको व्यवस्थापन गरिदिन सक्नेछ ।

(४) गाउँकार्यपालिकाले स्वीकृति प्रदान गरेको व्यवस्थापन तथा सञ्चालन समितिद्वारा संचालित योजना तथा कार्यक्रमहरुका उचित कार्यान्वयन भए नभएका बारे गाउ कार्यपालिकाले बेला बेलामा निरीक्षण तथा अनुगमन गर्न सक्नेछ ।

परिच्छेद ५
विविध

१०. अनुगमन तथा निरीक्षण : (१) गाँउ कार्यपालिकाले आवश्यकता अनुसार व्यवस्थापन तथा सञ्चालन समितिका कार्यहरुको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा व्यवस्थापन तथा सञ्चालन समितिले यस ऐन बमोजिम कार्य गरेको नपाइएमा मनासिब माफीको समय दिई त्यस्ता कार्य सच्याउन लगाउन सक्नेछ ।

११.समन्वय गर्नेः (१) व्यवस्थापन तथा सञ्चालन समितिले गाउँपालिका क्षेत्रको उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समुह, सामदुयिक वन उपभोक्ता महासंघ, सहकारी संस्था लगायत सामुदायिक तथा सामाजिक संघसंस्थाहरुसंग उचित समन्वय गरी कार्य सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भएका संघ संस्थाका अतिरिक्त व्यवस्थापन तथा सञ्चालन समितिले पर्यापर्यटन सम्बन्धि विषयमा प्रदेशस्तरमा गठन भएको समिति, उपसमिति वा अन्य सरकार तथा गैरसरकारी निकायहरुसँग समन्वय र सम्पर्क गर्नुपर्नेछ । व्यवस्थापन तथा सञ्चालन समितिले आफ्नो कार्य सम्पादनको सिलसिलामा कुनै अनुमति, सिफारिस आदि लिन पर्ने भए सो समेत लिनु पर्नेछ । व्यवस्थापन तथा सञ्चालन समितिले गाउँपालिका अन्तर्गतका विभिन्न वडाका वडा समितिहरुको सहकार्य तथा समन्वयमा पर्यटक सुरक्षाका लागि आवश्यक कार्यहरु गर्नुपर्नेछ ।

१२. विशेष शर्तहरु तोक्ने : व्यवस्थापन तथा संचालन समितिले यस ऐन तथा अन्य प्रचलित कानूनका अधिनमा रही साँस्कृतिक तथा पर्यापर्यटकीय क्षेत्रको वातावरण, जैविक विविधता, पर्यापर्यटन, भू-स्थिति लगायत अन्य श्रोत र सम्पदाहरुका संरक्षण र प्रवर्द्धनका लागि यस साँस्कृतिक तथा पर्यापर्यटकीय क्षेत्रमा पयापर्यटकीय उद्देश्यले आउने पयापर्यटकहरुको लागि सुरक्षा, बीमा, प्रवेश तथा पयर्टन शुल्क तथा अन्य सुविधाहरुको सम्बन्धमा विशेष शर्तहरु तोक्न सक्नेछ ।

१३ निर्देशन जारी गर्न सक्ने : (१) व्यवस्थापन तथा सञ्चालन समितिले यस ऐनका अधिनमा रहि व्यवस्थापन तथा सञ्चालनका सम्बन्धमा आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

(२) साँस्कृतिक तथा पर्यापर्यटकीय क्षेत्रमा आउने पर्यटक, पथ प्रदर्शक तथा ट्रेकिङ्ग एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीका सदस्य वा कर्मचारीले उपदफा (१) बमोजिम व्यवस्थापन तथा संचालन समितिले दिएका निर्देशनहरुको पालना गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिएका निर्देशन पालना नगर्ने व्यक्तिलाई व्यवस्थापन तथा संचालन समितिले निर्देशन उल्लंघनको प्रकृतिका आधारमा तोकिए बमोजिम जरिवाना गर्ने वा त्यस्तो व्यक्तिलाई घोषित क्षेत्रमा कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन वा दुवै गर्न सक्नेछ ।

१४.अधिकार प्रत्यायोजन : (१) गाँउ कार्यपालिकाले यस ऐन बमोजिम घोषणा हुने जैविक-साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्रको व्यवस्थापन तथा संचालनका लागि आवश्यकता अनुसार आफ्ना अधिकार व्यवस्थापन तथा सञ्चालन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) व्यवस्थापन तथा संचालन समितिले आफुलाई प्राप्त अधिकार मध्ये केहि अधिकार व्यवस्थापन तथा सञ्चालन समितिका कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. नियम बनाउन सक्ने : यस ऐनका कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

१६. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने : यस ऐनका अधिनमा रहि ऐनका कार्यान्वयनका लागि गाउँकार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

१७. थपघट, हेरफेर वा संशोधन : गाउँ सभाले आवश्यकता अनुसार यस ऐनमा थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१८. यस ऐन बमोजिम हुने : गाउँपालिकाका अन्य ऐनहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐनमा लेखिएका कुराहरुमा यसै ऐन बमोजिम हुनेछ ।

१९. स्थानिय समुदायका अधिकारः यस ऐनमा ब्यवस्था गरिएको बिषयहरुले स्थानीय आदिवासी जनजातीहरुका प्रथाजनित परम्परागत कार्यहरु गर्नलाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

२०. बाधा अड्काउ फुकाउ : यो ऐनको प्रयोग गर्ने क्रममा बाधा अड्काउ पर्न गएमा गाउँ कार्यसमितिले बाधा अड्काउ फुकाउन सकिनेछ ।

आज्ञाले
उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत